# महाङ्काल गाउँपालिका

## महाङ्काल गाउँपालिका संस्था दर्ता ऐन, २०७९

**प्रस्तावना**

महाङ्काल गाउँपालिका भरका सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक तथा परोपकारी संस्थाहरूको स्थापना, दर्ता, सूचीकरण तथा प्रवद्धन गरी गाउँपालिकाको समग्र विकासमा संस्थाहरुको भुमिका सम्बन्धमा आवश्यक व्यवस्था गर्न बाञ्छनीय भएकाले, महाङ्काल गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ

क) यस ऐनको नाम महाङ्काल गाउँपालि संस्था दर्ता ऐन, २०७९ रहेको छ ।

ख) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) संस्था भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक तथा परोपकारी कार्यहरुको विकास एवम् विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, बाल क्लब, मण्डल, उपभोक्ता समिति, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्छ र सो शब्दले मैत्री सङ्घ समेतलाई जनाउँछ ।

ख) गाउँपालिका भन्नाले महाङ्काल गाउँपालिकालाई सम्झनुपर्छ ।

ग) अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

घ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ङ) प्रबन्ध समिति भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्छ ।

च) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुनेः**

यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्नु हुँदैन ।

**४. संस्था दर्ता**

१) संस्था दर्ता गर्न चाहने कुनै सात (७) जना वा सो भन्दा बढी व्यक्तिहरूले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुरसहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछः

क) संस्थाको नाम,

ख) उद्देश्यहरू,

ग) प्रवन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

घ) आर्थिक श्रोत,

ङ) कार्यालयको ठेगाना,

च) संस्थाको विधान ३ प्रति (नेपाली कागजमा),

छ) स्थानीय प्रहरीको सिफारिस,

ज) वडाको सिफारिस पत्र,

झ) हुलाक टिकट रु १० ।

२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा आर्थिक ऐनले तोकेको दर्ता शुल्क लिई दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्तो सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिन भित्र त्यस्तो निर्णय उपर गाउँकार्यपालिका समक्ष उजुर गर्न सक्नेछ ।

४) उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि गाउँकार्यपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिब ठहराएमा सो संस्था दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ ।

५) यस दफाअन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र दस्तुर सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५. संस्था दर्ता नहुने**

देहायको अवस्थामा गाउँ कार्यपालिका संस्था दर्ता गर्न बाध्य हुने छैन ।

१) नेपालको धार्मिक, सांस्कृतिक, साम्प्रदायिक सदभावमा आँच आउने, देशको सार्वभौमसत्ता, अखण्डतामा खलल पर्ने, व्यक्तिगत लाभ निर्देशित तथा कानुनले निषेध गरेको कार्यजन्य उद्देश्य विधानमा राखेमा त्यस्तो संस्था दर्ता गरिने छैन ।

**६. संगठित संस्था मानिने**

१) यस ऐनअन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ । तर सरकारी निकायको बजेट कार्यान्वयन गर्न दर्ता हुने उपभोक्ता समितिको हकमा यो उपदफा लागू हुने छैन ।

३) संस्थाले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

**७. संस्थाको सम्पत्ति**

१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेको, कब्जा वा रोक्का राखेको पाइएमा गाउँपालिकाले फिर्ता लिई संस्थालाई बुझाइदिन सक्नेछ ।

२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारवाहिमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठाविरुद्ध कुनै अपराध वा बिराम गरेमा संस्था, संस्थाको कुनै सदस्य

वा प्रमुखलाई गाउँपालिकाले प्रचलित कानुनबमोजिम मुद्दाको कारबाही चलाउन सक्नेछ ।

**८.अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने**

१) यो ऐन प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुनबमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र यो ऐन बमोजिम गाउँपालिकामा अभिलेख दर्ता गराउनु पर्नेछ ।

**९. संस्थाको उद्देश्यहरूमा हेरफेर**

१) संस्थाको उद्देश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सम्बन्धित संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

२) विशेष साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाइ सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव विशेष साधारण सभाबाट पारित भएको मानिनेछ।तर, सो प्रस्ताव लागू गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृत लिनु पर्नेछ ।

**१०. हिसाबको विवरण पठाउनु पर्ने**

प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष माघ मसान्तभित्र गाउँपालिकामा पेस गर्नुपर्नेछ ।

**११. हिसाब जाँच गर्ने**

१) गाउँपालिकाले आवश्यक ठानेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम हिसाब जाँच गराएबापत प्रमुख प्रशासकीय अधिकृतले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।

३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

४) हिसाब जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाब जाँचेको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ।

**१२. निर्देशन दिने**

गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१३. दण्ड सजाय**

१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ४ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरूलाई गाउँकार्यपालिकाले जनही पाँच हजारदेखि तीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । साथै कानुन बमोजिम कारबाही गरिनेछ ।

२) दफा १० बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरूलाई कार्यपालिकाले जनही पाँच सय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । तर, कुनै सदस्यले दफा १० उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेस गर्न सकेमा निजलाई सजाय गरिने छैन । साथै संस्थाको वार्षिक कारोबार नबुझाएमा कानुनबमोजिम कारबाही हुनेछ ।

३) दफा ११ को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित

पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँ कार्यपालिले पाँच सय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

४) प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति नलिई दफा ९ बमोजिम संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

**१४. पुनरावेदन**

दफा १३ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**१५. संस्थाको विघटन वा त्यसको परिणाम**

१) संस्थाको विधान बमोजिम कार्यसञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाका जायजेथाले खामेसम्म त्यस्तो संस्थाबाट तथा बाँकी दायित्व संचालकहरुको जायजेथाबाट असुलउपर गर्ने । तर अन्य दायित्व व्यहोर्न गाउँपालिका बाध्य हुने छैन ।

**१६. अधिकार प्रत्यायोजन**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

**१७. सङ्घीय तथा प्रदेश ऐन, कानुन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने**

कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा सङ्घीय तथा प्रदेश ऐन, कानुनमा छुट्टै व्यवस्था भएकोमा त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

तर त्यस्ता संस्थाहरुले गाउँपालिकाभित्र आफ्ना गतिविधि संचालन गर्न गाउँपालिकामा अनिवार्य रुपमा सूचिकरण हुनु पर्नेछ ।

**१८. खारेजी वा बचाऊ**

१) संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएको संस्था यस ऐनअन्तर्गत दर्ता भएसरह मानिनेछ। सोको अभिलेखीकरण अनिवार्य गाउँपालिकामा गराउनु पर्नेछ ।